आज मिति २०७६ साल बैशाख महिनाको २५ गते बुधबारकादिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिमनारायण मानन्धर ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिलका निर्णयहरू गरियो ।

तपशिल

| दस्तखत | पदाधिकारीको नाम, थर | पद |
|---|---|---|
| | श्री खिम नारायण मानन्धर | गाउँपालिका अध्यक्ष |
| | श्री झनमाया पराजुली | गाउँपालिका उपाध्यक्ष |
| | श्री भिमबहादुर भुजेल | वडाध्यक्ष १ न. वडा |
| | श्री परशुराम सिग्देल | वडाध्यक्ष २ न. वडा |
| | श्री लेखबहादुर क्षेत्री | वडाध्यक्ष ३ न. वडा |
| | श्री चिन्तामणि शर्मा | वडाध्यक्ष ४ न. वडा |
| | श्री डन्डबहादुर राना | वडाध्यक्ष ५ न. वडा |
| | श्री श्री नरबहादुर थापा | वडाध्यक्ष ६ न. वडा |
| | श्री केशमाया थापा | वडाध्यक्ष ७ न. वडा |
| | श्री हिममाया थापा | कार्यपालिका सदस्य |
| | श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य |
| | श्री रेखा वि.क. | कार्यपालिका सदस्य |
| | श्री धनमाया राना | कार्यपालिका सदस्य |
| | श्री महेन्द्र~~बहादुर~~ गोतामे | कार्यपालिका सदस्य |
| | श्री सुरजबहादुर नेपाली | कार्यपालिका सदस्य |
| | बिदुर सिग्देल | नि.प्रमुख प्रशासकीय अधिकृत |
| आमन्त्रित | | |
| | नोल बहादुर थापा | ना सु |
| | सन्तबहादुर थापा | ,, |
| | जौ माया थापा | का.स |
| | | |

प्रस्तावहरू :

१) गण्डकी प्रदेश सरकार समक्ष योजना योजना माग सम्बन्धमा ।

२) करार शिक्षक नियुक्ति कार्यविधि २०७६ पारित सम्बन्धमा ।

३) योजना सम्झौता र भुक्तानी सम्बन्धमा ।

४) लेखा समिति गठन सम्बन्धमा ।

५) विपद ब्याबस्थापन समिति गठन सम्बन्धमा ।

६) महिला जनप्रतिनिधिहरुको लागि कानुनिअभिमुखीकरणको लागि बजेट बिनियोजनतथा अन्यकार्यक्रमको लागि रकमप्रदान सम्बन्धमा ।

७) कार्यक्रमको लागि रकम उपलब्ध गराउने सम्बन्धमा ।

८) रकम भुक्तानी दिने सम्बन्धमा।

९) सब-इन्जिनियर बिज्ञापन सम्बन्धमा ।

१०) गाउँपालिकाको प्रशासनिक भवन आबास भवन र शौचालय को योजना सम्झौता र पेश्की रकम उपलब्ध गराउने सम्बन्धमा ।

११) गुरु योजनाको योजना तथा कार्यक्रम सम्झौता एबम रकम भुक्तानी सम्बन्धमा ।

निर्णयहरू :

निर्णय न.१ प्रस्ताव न. १ माथि छलफल गर्दा गण्डकी प्रदेश सरकारबाट यस गाउँपालिका समक्ष योजना माग भै आएकोमा यस गाउँपालिकाबाट निम्न योजना सिफारिसगरि पठाउने निर्णय गरियो।

तपशिल

१) भिम भैरब मार्ग हरिनास ४

२) कार्भेघाट हरिनास मोटर बाटो हरिनास ५

३) पुर्कोट भ्यु टावर हरिनास ६

४) धुप डाँडापर्यटन बिकास कार्यक्रम डीपिआर समेत हरिनास ३

५) खैरेकोट भ्यु टावर हरिनास १

६) गैरीस्वारा सिलीगे हरिनास २

७) नमुना कृषि कार्यक्रम तर्फ
-वडा न.२ चिसापानी
-वडा न.३ चिसापानी आडबिसे
-वडा न ४ राम्चे धरमपानी
-वडा न.५ आग्रीडाँडा
-वडा न.६ नमन्ता सिंह ओम्जोर
-वडा न ७ कुटुम्सा
-वडा न.१ सालडाँडा

सामाजिक बिकास तर्फ

१) प्यार्सिंग खापा हरिनास २
२) अग्री डाँडा खापा हरिनास ५
३) दग्दी खेल मैदान हरिनास ६

निर्णय नम्बर २

**प्रस्ताव न.२ माथि छलफल गर्दा हरिनास गाउँपालिकाको करार शिक्षक नियुक्ति सम्बन्धि कार्यविधि २०७६ लाइ संसोधन सहित पारित गर्ने निर्णय गरियो |**

निर्णय नम्बर ३

प्रस्ताब न.३ माथि छलफल गर्दा चालु आ.ब.मा गाउँपालिकाबाट संचालित योजना तथा कार्यक्रमहरुको योजना सम्झौता आगामी जेष्ठ २० गते सम्म गर्ने गरि निर्णय गरियो ।

निर्णय नम्बर ४

प्रस्ताब न.४ माथि छलफल गर्दा यस हरिनास गाउँपालिकामा निम्न बमोजिमको ३ सदस्य रहने गरि सार्बजनिक लेखा समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

श्री चिन्तामणि शर्मा -संयोजक
श्री परशुराम सिग्देल -सदस्य
श्री डण्ड बहादुर राना -सदस्य

निर्णय नम्बर ५

प्रस्ताब न.५ माथि छलफल गर्दा हरिनास गाउँ पालिकामा निम्न पदाधिकारीरहने गरि गाउँपालिका स्तरीय विपद ब्याबस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

१) गाउँपालिका अध्यक्ष श्री खिम नारायण मानन्धर -अध्यक्ष
२) गाउँपालिका उपाध्यक्ष श्री ज्ञन माया पराजुली -सदस्य

३) गाउँपालिका बाताबरण तथा विपद ब्याबस्थापन समिति संयोजक श्री केश माया थापा -सदस्य

४) रेडक्रस प्रतिनिधि श्री मनोरथ शर्मा -सदस्य
५) दलित प्रतिनिधि श्री रेखा बि क -सदस्य
६) श्री........................ -सदस्य
७) गाउँपालिका उधोग बाणिज्य संघ प्रतिनिधि .......... -सदस्य

८) गाउँपालिका प्रशासकीय प्रशासकीय अधिकृत .......... -सदस्य
९) बाताबरण विपद ब्याबस्थापन शाखा प्रमुख सदस्य-सचिब

निर्णय नम्बर ६

प्रस्ताब न.६ माथि छलफल गर्दा यस हरिनास गाउँपालिकाबाट निम्न कार्यक्रमको लागि निम्न बमोजिमको रकम प्रदान गर्ने निर्णय गरियो ।

तपशिल

१) जनप्रतिनिधि सहितको कानुनि प्रशिक्षण कार्याक्रमको लागि १ लाख मात्र
२) स्याङ्गजा र रामपुर महत्सबको लागि रु ५०/५० हजार ।
३) गोबिन्द बहादुर थापा वडा न.२ को कुखुरा चल्ला खरिदको लागि रु५० हजार मात्र ।

निर्णय नम्बर ७

प्रस्ताब न.८ माथि छलफल गर्दा हरिनास गाउँपालिकाबाट संचालित निम्न योजनाहरुको भुक्तानी दिने निर्णय गरियो।

१) खा.पा. बिस्तृत परोयोजना प्रतिबेदन को रकम रु २० लाख मात्र ।
२) घुम्ती चिसापानी चित्रे सडक स्तरउन्नति २९ लाख ५० हजार मात्र ।

निर्णय नम्बर ८

प्रस्ताब न.९ माथि छलफल गर्दा हरिनास गाउँपालिकाको स्वीकृत दरबन्दी अन्तर्गत रिक्त रहेको सब-इन्जिनियर पद १ करार बिज्ञापन गरि पद पूर्ति गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ९

प्रस्ताब न.१० प्रस्ताब न.१० माथि छलफल गर्दा यस हरिनास गाउँपालिकाको प्रशासनिक भवन आबास भवन र शौचालयको योजनाको,योजना सम्झौता गरि सम्बन्धित उपभोक्ता समितिलाई पेश्की रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नम्बर १०

प्रस्ताब न.११ माथि छलफल गर्दा यस हरिनास गाउँपालिकाको गुरु योजनाको योजना तथा कार्यक्रमको प्रस्ताब मुल्याकन गरि सम्झौता तथा काम सम्पन्न भए पशतात रकम भुक्तानी गर्ने निर्णय गरियो ।